# नेपाल आयल निगम लि.को उपभोक्तावर्गमा अनुरोध

नेपाल आयल निगमको केही आधिकारीक बिक्रेताहरुले विभिन्न मागहरु राखी मिति २०७४।४।३ मा निगमबाट पेट्रोलियम पदार्थ खरिद नगरे पश्चात् उपत्यकामा केही असहज परिस्थिति सृजना हुन गएता पनि निगम सञ्चालक समिति, व्यवस्थापन र व्यवसायीहरुबीच मिति २०७४।४।३ मा वार्ता तथा छलफल भई मागको सम्बन्धमा विज्ञहरु सहित निगम, व्यवसायी र उपभोक्तावादीहरु सम्मिलित एक अध्ययन टोली गठन गरी बैज्ञानिक ढंगले अध्ययन गरी व्यवसायीका उचित मागको सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेको हुँदा आन्दोलनका सबै कार्यक्रमहरु समेत स्थगित गरी व्यवसायीहरुबाट पेट्रोलियम पदार्थको नियमित बिक्री वितरण गर्ने प्रतिबद्धता व्यक्त भइसकेको व्यहोरा उपभोक्तावर्गहरु लगायत सम्बद्ध सबै सरोकारवालाहरु माझ जानकारी गराइन्छ।

साथै इण्डियन आयल कर्पोरेशनबाट निगमको मागबमोजिम पर्याप्त मात्रामा पेट्रोलियम पदार्थ आपूर्ति भइरहेको तथा इन्धन डिपो थानकोटबाट बिक्रेताहरुको मागबमोजिम दैनिक खपतभन्दा बढी नै परिमाणमा पेट्रोल तथा डिजलको बिक्री वितरण गरिएको छ। तसर्थ आफ्नो आवश्यकताभन्दा बढी पेट्रोलियम पदार्थको सञ्चिति नगर्नुहुन आदरणीय उपभोक्तावर्गहरुमा निगम हार्दिक अनुरोध गर्दछ।